# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ढल्केवर धनुषा (जिल्ला)

प्रदेश नं. २, नेपाल

पत्र संख्या :–२०७६/०७७
चलानी नं. :– २३४

मिति :–२०७६/०५/२४

विषय :- सुचना टाँसको जानकारी पठाईएको बारे ।

श्री सगरमाथा इनर्जी एण्ड कन्सट्रक्सन (प्रा.) लि,
भगवतीमार्ग , काठमाण्डौं ।

प्रस्तुत विषयमा ताँहाको प.सं. ०७६/०७७ , च.नं.०७, मिति २०७६/०५/२४ को पत्र अनुसार प्रदेश नं. २ को धनुषा जिल्ला स्थित मिथिला नगरपालिका वडा नं. ५ मा ३ मेगावाट क्षमताको ग्रिडमा आवद्ध सौर्य उर्जा आयोजना निर्माण तथा संचालनको प्रस्ताव गरेको र सो आयोजना प्रभावित क्षेत्रमा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनका लागि रायसुझाव संकलन गर्ने सम्बन्धी सूचना यस मिथिला नगरपालिकाको कार्यालयमा प्राप्त भई यस कार्यालयको सूचना पार्टीमा टाँस गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

OIC

.....................
केशव कुमार अधिकारी
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

IT शाखा website मा upload गर्नें

# SAGARMATHA ENERGY & CONSTRUCTION PVT. LTD.

पत्र संख्या : ०६६/०६६

च.न. ०६

मिति : २०७६/०५/२४

श्री मिथिला नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, धनुषा

**बिषय** : सुचना टाँसको लागि अनुरोध सम्वन्धमा

महोदय,

प्रस्तुत बिषयमा सगरमाथा इनर्जी एण्ड कन्स्ट्रक्सन (प्रा.) लि. ले प्रदेश नं २ को धनुषा जिल्लास्थित मिथिला नगरपालिका वडा नं. ५ मा ३ मेगावाट क्षमताको ग्रिडमा आबद्ध सौर्य उर्जा आयोजना निर्माण तथा संचालनको लागी प्रस्ताब गरेको छ। सो प्रस्ताव कार्यान्वयनको सिलसिलामा वातावरण संरक्षण नियमावली, २०५४ (संशोधन सहित) को नियम ३ को अनुसूची १ (ऊ१) वीकरणीय ऊर्जा क्षेत्र शीर्षकको विषय नं १ वमोजिम उक्त आयोजना सञ्चालन गर्नु अघि सो को कार्यान्वयनबाट आयोजना क्षेत्रका भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक प्रणालीहरु र यिनका अवयवहरु (Components) तथा यी अवयवहरुबीचको अन्तक्रिया र अन्तरसम्वन्धमा पर्न सक्ने असरहरु यकिन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन गर्नुपर्ने भएको र सोहि नियमावलीको नियम ७ को उपनियम २ ले व्यवस्था गरे वमोजिम आयोजना प्रभावित क्षेत्रमा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनका लागि रायसुझाव संकलन गर्ने सम्वन्धमा सार्वजनिक सूचना टाँसको लागि सुचनाको प्रतिलिपि समेत यसै पत्रका साथ संलग्न गरि उक्त सुचना टाँस गरि सुचना टाँसको मुचुल्का उपलब्ध गराईदिनु हुन हार्दिक अनुरोध छ।

भवदीय

दिपक राज शर्मा

# ग्रिडमा आबद्ध सौर्य उर्जा आयोजना निर्माण तथा संचालन गर्ने सिलसिलामा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययनका लागि रायसुझाव संकंलन गर्ने सम्वन्धमा

# सार्वजनिक सूचना

सगरमाथा इनर्जी एण्ड कन्स्ट्रक्सन (प्रा.) लि. ले प्रदेश नं २ को धनुषा जिल्लास्थित मिथिला नगरपालिका वडा नं. ५ मा ३ मेगावाट क्षमताको ग्रिडमा आबद्ध सौर्य उर्जा आयोजना निर्माण तथा संचालनको लागी प्रस्ताव गरेको छ। सो प्रस्ताव कार्यान्वयनको सिलसिलामा वातावरण संरक्षण नियमावली, २०५४ (संशोधन सहित) को नियम ३ को अनुसूची १ (ऊ१) वीकरणीय ऊर्जा क्षेत्र शीर्षकको विषय नं १ वमोजिम उक्त आयोजना सञ्चालन गर्नु अघि सो को कार्यान्वयनबाट आयोजना क्षेत्रका भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक प्रणालीहरु र यिनका अवयवहरु (Components) तथा यी अवयवहरुबीचको अन्तक्रिया र अन्तरसम्वन्धमा पर्न सक्ने असरहरु यकिन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन गर्नुपर्ने भएको र सोहि नियमावलीको नियम ७ को उपनियम २ ले ब्यवस्था गरे वमोजिम यो सूचना टाँस गरिएको छ।

**प्रस्तावको नामः** ग्रिडमा आबद्ध सौर्य उर्जा आयोजना ढल्केवर, धनुषा (३ मे.वा.)

**प्रस्ताव कार्यान्वयन हुने स्थानः** धनुषा जिल्ला, मिथिला नगरपालिका वडा नं. ५, बिस्रामपुर

**प्रस्तावको बिवरणः** यो आयोजना ८.१२७ हेक्टर नीजि जमीनमा ३१० देखि ४०० वाट क्षमताका करिव ११००० वटा सोलार मोड्युलहरु जडान गरेर ३ मेगावाट विद्युत उत्पादन गरी करीव ४ कि.मि. लामो ३३ के.भि. विद्युत प्रसारण लाइन मार्फत नेपाल विद्युत प्राधिकरणको ढल्केवर सवस्टेसनमा लगेर जोंडिनेछ।

यस प्रस्तावबाट प्रभाव पर्न सक्ने त्यस क्षेत्रका नगरपालीका, वडा, विद्यालय, स्वास्थ्य संस्था, संघसंस्था तथा सरोकारवालाहरुको राय सुझाव लिनु परेकाले यो सूचना टाँस भएको मितिले १५ (पन्ध्र) दिनभित्रमा तलको ठेगानामा आइपुग्ने गरी लिखित राय सुझावहरु उपलब्ध गराई सहयोग गरी दिनु हुन सम्वन्धित सबै संघसंस्था तथा सरोकारवालाहरुलाई अनुरोध गरिन्छ। सो राय सुझावको प्रतिलिपी सम्बन्धित मन्त्रालय तथा विभागमा समेत दिन सकिने छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना :**

| प्रस्तावक | परामर्शदाता | सम्वन्धित मन्त्रालय तथा विभाग |
|---|---|---|
| सगरमाथा इनर्जी एण्ड कन्स्ट्रक्सन (प्रा.) लि. सगरमाथा कम्प्लेक्स, भगवती मार्ग काठमाडौं,<br>फोन नम्बर :०१-४४१७८९८<br>इमेल :secpl997@gmail.com | प्याक्ट कन्सलट्यान्ट प्रा.लि. त्रिपुरेश्वर, काठमाण्डौ,<br>फोन नम्बर :०१-६९२२८१६, ०१-४१०१०१३<br>पोष्ट बक्स नम्बर : ४६७५<br>इमेलःpactconsultantpvtltd@gmail.com | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिहदरबार, काठमाण्डौ<br>तथा<br>बिद्युत विकास बिभाग, सानोगौचरण, काठमाण्डौ<br>फोन नम्बर : ०१-४४११०७४, ०१-४४११५३७<br>फ्याक्स नम्बर : ०१-४४४३९०३,<br>इमेलः info@doed.gov.np |